नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
कार्तिक/मंसीर २०७२ (November 2015) वर्ष १९/अङ्क २२४

## खीष्टियानहरुको जिम्मेवारी

- पाष्टर राजेन्द्र कुमार रोंगोंग

प्रभु येशू खीष्टले साँढे ३३ वर्षसम्म मानिसको स्वरूपमा यसै संसारमा जीवन बिताउनुभयो। त्यस मध्ये ३० वर्षसम्म घरैमा आफ्ना बुवा-आमा र परिवारसँग समय बिताउनुभयो भने साँढे तीन वर्ष परमेश्वरले उहाँलाई दिनुभएको सेवकाइमा बिताउनुभयो।

येशूको आगमनको घोषणा गर्ने बप्तिस्मा दिने यूहन्नाले यसरी प्रचार गरे, "पश्चात्ताप गर, किनभने स्वर्गको राज्य नजीक आएको छ।" यहूदीहरूले ईश्वरको नाम त्यसै लिंदैन थिए। यसैले सम्मान स्वरूप ईश्वरको सट्टा स्वर्ग शब्द प्रयोग गर्थे।

प्रभु येशूले घोषणा गर्नुभएअनुसार स्वर्गको राज्य वा उहाँको राज्य यस संसारमा नभई पहिले मानिसको हृदयमा स्थापित हुनुपर्दछ। यो स्वर्गीय वा आत्मिक राज्यको निमित्त बाह्य रीतिविधिले केही पनि हुँदैन। यसका लागि भित्री पश्चात्तापको आवश्यकता पर्दछ। स्वर्गको राज्यको लागि मानिसहरूको पाप क्षमा हुनु अनिवार्य थियो।

प्रभु येशूले आफ्नो सेवकाइ उहाँको पानीको बप्तिस्मा पछि सुरू गर्नुभयो, त्यस दिन स्वर्ग उघ्रिएको थियो र पवित्र आत्मा शारीरिक रूपमा ढुकुरजस्तो उहाँमाथि आउनुभयो (लूका ३:२३)। येशू पवित्र आत्माले परिपूर्ण भएर यर्दनबाट फर्कनुभयो, र आत्माले उहाँलाई उजाड-स्थानमा लैजानुभयो (लूका ४:१ 'क')। येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो, र उहाँको विषयको कुरा वरिपरिका सबै ठाउँमा फिँजियो (लूका ४:१४)। त्यस पछि उहाँ मानिसहरूको माझमा जानुभई प्रचार, सान्त्वना र ढाडसको वचन, ईश्वरको राज्य सम्बन्धी जानकारी, परमेश्वर पिताको विषयमा सत्य ज्ञानका कुराहरू साथै बिरामी निको पार्ने, भूत आत्मा निकाल्ने, भोकाएका र तिर्खाएकाहरूलाई तृप्त पार्ने कामहरू गर्नुभयो। लूकाले उहाँको कामबारे यस प्रकारले लेखेका छन्, "कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिंड्नु भयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो" (प्रेरित १०:३८)।

चेलाहरूले प्रभु येशूले गर्नुभएको अचम्मका कामहरू देखेर पनि उहाँलाई र उहाँले सिकाउनुभएको स्वर्गको राज्यको विषयमा बुझेका थिएनन्। कुनै आश्चर्यकर्म देखेपछि उनीहरूको भनाइ प्रायः यही हुन्थ्यो, "... यिनी कस्ता मानिस हुन्...।" रातदिन सँगै बस्ने चेलाहरूले उहाँलाई चिनेनन्। उहाँका शत्रुहरूले उहाँलाई चिन्न इन्कार गरे। त्यस बेला रोमी प्रदेशपालले येशूमा भएको अलौकिक चरित्र देखेका थिए। तिनले उहाँलाई निर्दोष देखेका थिए र तिनले पनि अरूले जस्तै येशूलाई संसारकै राजा वा प्रशासकका रूपमा हेरेका थिए। येशूले तिनलाई भन्नुभयो, "मेरो राज्य यस संसारको होइन" (यूहन्ना १८:३६)।

येशूले संसारमा सेवकाइ गर्नुभएको परकाष्ठा, सर्वोत्कृष्ट कार्य त्यो बेला पूरा भएको थियो जब प्रभुले भन्नुभयो, "अब सिद्धियो" (यूहन्ना १९:३०)। "अब सिद्धियो" यहूदी भाषामा एउटै शब्द हो। यस शब्दले कुनै काम वा धार्मिक सन्दर्भमा धार्मिक काम पूरा भएको अर्थ दिन्छ। प्रभु येशू त्यही कुरा यहाँ घोषणा गर्नुहुन्छ। "जुन काम तपाईंले मलाई दिनुभयो त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा महिमित तुल्याएको छु" (यूहन्ना १७:४)। त्यस दिन प्रभु येशूले मुक्तिका सारा काम पूरा गर्नुभएको थियो।

त्यस दिनपछि सम्पूर्ण वातावरणमा परिवर्तन आयो। उहाँको मृत्यु अघि जति काम गर्नुभयो ती उहाँलाई पछ्याउने चेलाहरूको निमित्त तयार बनाउने कार्य थिए। संसारमा अर्थात् मानिसहरूको हृदयमा स्वर्गको राज्य ल्याउने काम त चेलाहरूको लागि राख्नुभएको थियो। यो काम पुरानो करारको अवधिमा सम्भव थिएन यसैले परमेश्वरले आफ्नो पुत्र येशूद्वारा, उहाँको रगतद्वारा नयाँ करार स्थापना गर्नुभयो। प्रभु येशूले आफू पिताको दाहिने हातमा बस्न स्वर्गारोहण भएको दिन स्वर्गको राज्य स्थापना गर्ने जिम्मेवारी उहाँको चेलाहरू अर्थात् उहाँमाथि विश्वास गर्ने र उहाँलाई पछ्याउनेहरूलाई दिनुभएको छ। उहाँलाई पूर्ण रूपमा थाहा थियो कि मानिसहरू आफै यी काम गर्न सक्तैनन्। यसैले उक्त जिम्मेवारी पूरा गर्नलाई उहाँले पितासँग बिन्ती गर्नेछु, र उहाँले अर्को सल्लाहकार दिनहुनेछ भनी भन्नुभयो (यूहन्ना १४:१६, २६; १५:२६)। "तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुने छैन। तर म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु"

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| कार्तिक २८ November 14 | पा. रोबर्ट कार्थक पा. सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | डीकन घनश्याम दाहाल | पाष्टर दफ्तन सादा | श्री स्टिफन राई | श्री दानिएल घले |
| मंसीर ५ November 21 | पाष्टर अशोक मुखिया | श्रीमती रश्मिला तामाङ्ग | डीकन बागमान तामाङ्ग | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर रूबेन श्रेष्ठ | एल्डर गोपाल शर्मा | श्री स्टिफन राई |
| मंसीर १२ November 28 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पूर्ण सुनुवार | श्री रमेश लामा | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | डीकन बाबु राम के.सी. | संयुक्त सेवा ललितपुर चर्च |
| मंसीर १९ December 5 | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग | एल्डर श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |

(यूहन्ना १६:७) । संसारमा चेलाहरूसँगको अन्तिम बेलुकी भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतिक्षा गर । यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ ।" किनकि यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूका बप्तिस्मा हुनेछ (प्रेरित १:४-५)। "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)।

पेन्तिकोसको दिनमा परमेश्वरले यरूशलेमको माथिल्लो तल्लामा प्रार्थना गरिरहेको समयमा पवित्रआत्मा एक सय बीस जनामाथि खन्याइनुभयो र उनीहरूले "पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषामा बोल्न लागे" (प्रेरित २:४) । अन्य भाषासम्बन्धी विभिन्न मत मतान्तर भएता पनि धर्मशास्त्रमा अन्य भाषासम्बन्धी दुई तरिकाले चलाइएको व्याख्या छ ।

पहिलो, अन्य भाषा पहिले त परमेश्वरले दिनुभएको भाषा हो । यसलाई पवित्र आत्माको भरपूरी पाएको चिन्हको रूपमा पनि लिइन्छ (प्रेरित २:४; १०:४६; १९:५) । यस भाषाद्वारा हामी उहाँको महिमा गर्छौं र उहाँसँग निरन्तर सम्बन्ध राख्तछौं । यसलाई प्रशंसाको र प्रार्थनाको भाषा पनि भन्न सकिन्छ । १ कोरिन्थी १४:२ अनुसार यो भाषा मानिसहरूसँग होइन तर परमेश्वरसँग बोल्ने भाषा हो । यो भाषा बोल्ने मानिसले के बोल्दैछ त्यो कसैले बुझ्दैन, तर उसले पवित्र आत्मामा रहस्यका कुराहरू नै बोल्दछ । १ कोरिन्थी १४:४ को पहिलो खण्डले भन्दछ, अन्य भाषा बोल्नेले आफ्नो आत्मिक वृद्धि गर्दछ ।

पावल आफै पनि अन्य भाषा बोल्थे (१ कोरिन्थी १४:१८) मानिसहरूले अन्य भाषालाई ठीक तरीकाले प्रयोग गरेको उनी चाहन्थे र अरूलाई पनि अन्य भाषा बोल्न उत्साह दिएका थिए, "तिमीहरू सबै अन्य भाषा बोल भन्ने म चाहन्छु" (१ कोरिन्थी १४:५) । पावलले यसरी पनि लेखेका छन्, "... र अन्य भाषामा बोल्नेहरूलाई मनाही नगर" (१ कोरिन्थी १४:३९ 'ख') ।

दोश्रो, १ कोरिन्थी १२ अध्यायमा अन्य भाषा वरदानको रूपमा पनि उल्लेख गरिएको छ तर यस्तो भाषा मण्डलीमा प्रयोग गर्दा त्यसको अर्थ खोलाई अनिवार्य छ । यसरी चलाइएको यी वरदानले मण्डलीमा आत्मिकी वृद्धि, उत्साह र सान्त्वना ल्याउँदछ । आज धेरै जनाले अन्य भाषासम्बन्धी यी भिन्नता नजानेको कारणले अन्य भाषा बोल्न अप्ठचारो मानिरहेका छन् ।

हामी प्रत्येक विश्वासीको जिम्मेवारी "येशू खीष्टले गर्नु भएका कामहरू गरेर परमेश्वर पितालाई यस संसारमा महिमित पार्नु हो" यो काम तपाईं र म आफै गर्न सक्तैनौं तर पवित्र आत्मा हामीसँग, हामीभित्र निरन्तर रहनुहुन्छ र हामीलाई चाहिएको हरेक आवश्यकता पूरा गरिदिनु हुनेछ । यसकारण परमेश्वर पितालाई महिमित तुल्याउन पवित्र आत्माको भरपूरीमा जिएर उहाँले उच्चारण गर्न दिनुभएका शब्दहरू अन्य भाषामा बोलेर आफ्नो आत्मिकी वृद्धि गरौं ।

## हार्दिक बधाई



आश्विन २८ गते/अक्टोबर १५ तारिख बिहीबार नेइम गोंगबूँ चर्चको सदस्य श्री **राज कुमार लामा स्याङ्देन** र भिक्टोरी खीष्टिय मण्डली, यू.ए.ई. की सदस्य सुश्री **अल्का राई** नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **राज कुमार** र **अल्का लामा स्याङ्देन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



कार्तिक १५ गते/नोभेम्बर १ तारिख आइतबार नेइम सुन्दरीजल चर्चकी सदस्य श्री **शर्मिला सुनार** र नेपाल होलिनेस् चर्च, चुनीखेल, गाम्चाको सदस्य श्री **विक्रम सुनार** नेइम सुन्दरीजल चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विक्रम** र **शर्मिला सुनार**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **मिति** | **जोरपाटी** | **गाम्छा** | **सुन्दरीजल** | **जहरसिंह पौवा** | **गोंगबूँ** | **धापासी** | **रानीपौवा** |
| **कार्तिक २८**<br>November 14 | एल्डर<br>सागर थापा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंबगूँ चर्च | श्री<br>राजु तामाङ्ग |
| **मंसीर ५**<br>November 21 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | पाष्टर<br>वर्णबास श्रेष्ठ | श्री<br>कुमार सेन्चुरी | श्री<br>सुरेन्द्र सापकोटा |
| **मंसीर १२**<br>November 28 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | श्री<br>जय सिंह | एल्डर<br>सामुएल क्षेत्री | श्रीमती<br>शान्ति तामाङ्ग |
| **मंसीर १९**<br>December 5 | पाष्टर<br>महेश थाँजु | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>वर्णबास श्रेष्ठ | पाष्टर<br>सामुएल कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## नोभेम्बर महिनाको कार्यक्रम

कार्तिक २५-२७ गते/नोभेम्बर ११-१३ तारिख बुधबार बिहान ११:००-शुक्रबार बिहान ११:०० बजेसम्म **नेइम युवा शिविर** ज्ञानेश्वर मण्डलीमा ।

कार्तिक २९ गते/नोभेम्बर १५ तारिख आइतबार **२०१६ को योजनाको लागि नेइम महिला विभागको बैठक** बिहान १०:००-३:०० बजेसम्म ज्ञानेश्वर मण्डलीमा ।


मंसीर १ गते/नोभेम्बर १७ तारिख मंगलबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

मंसीर ५ गते/नोभेम्बर २१ तारिख शनिबार **नेइम बाल संगतिका १५ वर्षकाहरूलाई युवा संगतिमा हस्तान्तरण** ज्ञानेश्वर मण्डलीमा ।

मंसीर २० गते/डिसेम्बर ६ तारिख आइतबार बिहान १०:००-३:०० बजेसम्म **नेइम २०१६ सालको योजना तयार गर्ने बैठक** गोंगबूँ मण्डलीमा ।

## जानकारी

सुन्दरीजल बस्नुहुने नेइम सुन्दरीजल मण्डलीकी सदस्य श्रीमती **मालती अधिकारी** ७० वर्षको उमेरमा कार्तिक १५ गते/नोभेम्बर १ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



सातदोबाटो बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्री **जोन डेविड राज भण्डारी** २५ वर्षको उमेरमा कार्तिक १७ गते/नोभेम्बर ३ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत)। उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विषेश प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. देशको राष्ट्रपति, उप राष्ट्रपति प्रधान मन्त्री, उप प्रधान मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै अन्य सम्पूर्ण निकायका पदाधिकारीहरूको निम्ति प्रार्थना गरौं ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् भनी प्रार्थना गरौं ।

४. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरौं ।

५. कार्तिक/नोभेम्बर महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा सम्मेलनहरूको लागि प्रार्थना गरौं ।

६. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

७. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुर्‍याइराख्नुभएकाहरूको लागि प्रार्थना गरौं ।

८. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

९. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

१०. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

११. प्रभुको उपस्थिति र मण्डलीको अघि गरिएका समर्पणता परमेश्वरको महिमाको लागि हामी सबै इमान्दारी र विश्वासयोग्य हुन सकौं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २२ 8<br>मण्डलीमा भइरहेको सबै सेवा संगतिद्वारा दिन प्रतिदिन हामी परिपक्वतातिर बढ्दै जान सकौं ।<br>१ कोरिन्थी ३:१-९ | २९ 15<br>नेइम अन्तर्गतका सबै मण्डली र संगतिहरूमा संख्यात्मक, गुणात्मक साथै आत्मिक वृद्धिको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५४:२-३ | ६ 22<br>समस्या, चिन्ता, रोग, अभाव, बन्धन, निरास, ऋण, अशान्तिले सताएका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>फिलिप्पी ४:४-७ | १३ 29<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्नो सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकौं ।<br>एज्रा ७:१० |
| **सोमबार**<br>**Monday** | २३ 9<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना आफ्ना इच्छाअनुसार मात्र होइन तर परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>यशैया ५६:७-८ | ३० 16<br>सबै जवानहरू परिवार, मण्डली, समाज र देशको निम्ति सधैँ साक्षी भएर जिउन सकून् ।<br>भजनसंग्रह ३७:१-११ | ७ 23<br>प्रत्येक विश्वासीहरूले मानिसहरूलाई सुसमाचार सुनाएर प्रभुको राज्यमा डोऱ्याउने बोझ र दर्शन अझ बढेर गएको होस् ।<br>रोमी १०:८-१८ | १४ 30<br>मण्डलीहरूका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुबाटको बोझ, दर्शन साथै पवित्र आत्माको सहायतामा सधैँ डोऱ्याइरहन सकून् ।<br>यूहन्ना २१:१५-१७ |
| **मंगलबार**<br>**Tuesday** | २४ 10<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटीहरू चढाउने काममा सधैँ ईमान्दारी भइरहन सकौं ।<br>मलाकी ३:६-१२ | १ मंसीर 17<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५,१३३ | ८ 24<br>परिवार परिवारमा श्रीमान्-श्रीमती, छोराछोरी बीच एक आपसमा प्रेम, मेलमिलाप, शान्ति र समझदारीले सधैँ बास गरून् ।<br>कलस्सी ३:१८-२१ | १५ December 1<br>जस-जसका परिवारहरू अझ पनि विश्वासमा सबै आउन सक्नुभएको छैन ती परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>प्रस्थान २०:१-६ |
| **बुधबार**<br>**Wednesday** | २५ 11<br>चाड पर्वको समयमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं ।<br>यशैया ४१:८-१० | २ 18<br>परमेश्वरको इच्छाअनुसार हामी दिन प्रतिदिन प्रभुमा बढ्दै जान सकौं ।<br>२ कोरिन्थी ३:१७-१८ | ९ 25<br>विश्वासीहरूको कुनै पनि परिवारमा पारिवारिक वेदी कहिले पनि ननिभेको होस् ।<br>हिब्रू १०:२५ | १६ 2<br>यी आखिरी दिनहरूमा संसारका निराश गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून् ।<br>मत्ती २४:३-१३ |
| **बिहीबार**<br>**Thursday** | २६ 12<br>सांसारिक रमाइला कुराहरूमा होइन तर ख्रीष्ट येशू प्रभुमा पाएका आशिष्-हरूमा रमाउनेहरू हुन सकून् ।<br>यूहन्ना २:१५-१७ | ३ 19<br>सबै भूल र झूटा शिक्षाहरूमा बहकिएर जानबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई जोगाऊन् ।<br>भजनसंग्रह ११९:१६३ | १० 26<br>मण्डलीमा अझ धेरैको पवित्र विवाह भएर परमेश्वरलाई सधैँ महिमा दिने परिवारहरू शुरू हुँदै जान सकून् ।<br>गन्ती ६:२४-२५ | १७ 3<br>मण्डलीअन्तर्गतका सबै शाखा तथा आवद्ध मण्डलीहरूको सबै क्षेत्रहरूमा परमेश्वरको अगुवाइ र आशिष् मागिदिऔं ।<br>यहोशू १:९ |
| **शुक्रबार**<br>**Friday** | २७ 13<br>आराधना सेवामा वचन प्रचार, स्तुति प्रशंसा, सुसमाचार, सञ्चालन, साथै अरू सबै क्षेत्रमा जिम्मा लिनुहुनेहरू सबैको लागि प्रार्थना गरिदिऔं ।<br>१ पत्रुस ४:१०-११ | ४ 20<br>मण्डलीका विश्वासीहरूले पवित्र आत्माको बप्तिस्मा ग्रहण गरी आत्माको भरपूरीमा जिउनेहरू हुन सकून् ।<br>यूहन्ना ७:३७-३९ | ११ 27<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गर्नेहरू हुन सकून् ।<br>प्रकाश १:१-३ | १८ 4<br>आराधना सेवामा आउनुहुनेहरू सधैँ आत्माको तयारीमा आउन सकौं ।<br>यूहन्ना ४:२३-२४ |
| **शनिबार**<br>**Saturday** | २८ 14<br>प्रत्येक शनिबार वचनको सेवकाइ गर्नुहुने परमेश्वरका सेवकहरूको सेवकाइमा आशिष् मागिदिऔं ।<br>भजनसंग्रह ४७:१-९ | ५ 21<br>हामी विश्वासीहरू कोही पनि धर्मकर्म र रीतिविधिमा मात्र जिउनेहरू हुनदेखि पवित्र आत्मा परमेश्वरले नै जोगाऊन्।<br>मर्कूस ७:१-८ | १२ 28<br>मण्डलीका सबै बालबालिकाहरू सानै उमेरदेखि नै परमेश्वरमा हुर्कँदै बढ्दै जान सकून् ।<br>यशैया ५४:१३,५९:२१ | १९ 5<br>यो महिनाभरि प्रचारिएको वचनमा मण्डली परिवार आज्ञाकारी भई आशिषित हुन सकून् ।<br>मत्ती १३:१-१६ |

**हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजीक हुनुभएझैं ईश्वर यति नजीक भएको अरू कुनचाहिँ यति महान् जाति छ ?**

**(व्यवस्था ४:७)**